युथ इन पोलिसी एंड गभर्नेन्स (वाईपीजी) फेलोसिप, पोखरा रिसर्च सेन्टरको पहलमा सन् २०२० देखि सुरु गरिएको कार्यक्रम हो I सन् २०२०/२१ मा पहिलो पटक गण्डकी प्रदेशमा यो फेलोसिपको आयोजनामा पोखरा रिसर्च सेन्टरले अमेरिकी दुतावास काठमाण्डौको सहयोगमा संचालन गरे पश्चात, २०२१/२२ मा कर्णाली प्रदेशमा दुतावासकै सहयोगमा ऋति फाउन्डेसनसंगको सहकार्यमा संचालन गऱ्यो भने गण्डकीमा नेसनल ईण्डोमेण्ट फर डेमोक्रेसीको सहयोगमा संचालन गऱ्यो । हाल २०२३/२४, गण्डकीमा पोखरा रिसर्च सेन्टरले नेसनल ईण्डोमेण्ट फर डेमोक्रेसीको सहयोगमा संचालन गर्न गईरहेको छ I आवेदकहरुलाई यस फेलोसिपका बारेमा जानकार बनाउन एकदमै आवश्यक छ I केहीलाई प्रक्रियाका बिचमा प्रश्नहरु उठ्न सक्छन त्यसकारण हामी ति प्रश्नहरुको उत्तर उपलब्ध गराउने कोसिसमा छौ I

## वाईपीजी फेलोशिपको बारेमा

- **युथ इन पोलिसी एंड गभर्नेन्स (वाईपीजी) फेलोसिप भनेको के हो ?**

युथ इन पोलिसी एंड गभर्नेन्स (वाईपीजी) फेलोसिप एक वर्ष लामो फेलोसिप कार्यक्रम हो, जसमा २० देखि ३० वर्षका युवाहरूले कानून निर्माण, सार्वजनिक नीति र सुशासनको बारेमा प्रशिक्षण प्राप्त गर्दछन्। प्राविधिक र अनुकूलन क्षमताहरूको विकासमा जोड दिँदै, यस फेलोसिप कार्यक्रमले सार्वजनिक नीति र संसदीय प्रक्रियाहरूको जटिलताहरूमा फेलोहरूलाई सशक्त बनाउने लक्ष्य राखेको छ।

- **फेलोसिपको निर्धारित समय कति हो ?**

फेलोसिप सन् २०२३ नोवेम्बेरबाट सुरु हुन्छ र लगातार ३ महिनासम्मको निरन्तर प्रक्षिक्षण रहनेछ . प्रशिक्षण पश्चात फेलोहरुले प्रदेश सभाका माननीय सदस्यहरुको ज्ञान सहयोगीका रुपमा करिब ६ महिना काम गर्न पर्नेछ।

- **के यो फेलोसिप इन्टर्नसिप सरह हो ?**

युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिप भनेको इन्टर्नसिप होइन . फेलोहरु माग/ आवश्यकताको आधारमा पार्ट टाईम प्रोफेसनलका रुपमा प्रदेश सभाका सांसदहरुसंग काम/सहकार्य गर्नेछन् I

- **वाईपीजी फेलो भएर के म कुनै अरु प्रोफेशनल वृा बौद्धिक एसोसिएसनसंग संग्लग्न हुन सक्छु ?**

वाईपीजी फेलोहरु फेलोसिपका द्वौरान फुल टाईम काम गर्दैनन् । फेलोसिप बाहेक उनीहरु अन्य शैक्षिक तथा व्यवसायिक कार्यहरुमा संग्लग्न हुन सक्नेछन् ।

- **मैले औसतमा कति घण्टा काम गर्नुपर्ने हुन्छ ?**

वाईपीजी फेलोहरु पूर्ण समय काम गर्नको लागि बाध्य छैनन्। तर, बजेट र संसदको हिउँदे अधिवेशनका बीचमा प्लेसमेन्ट हुने भएकाले यस अवधिमा सहयोग कार्य तीव्र हुनसक्छ । सहयोगका बेला लचिलोपन सुनिश्चित गरिनेछ, किनकि फेलोरूले संसदीय सत्रहरू बाहेक बिहान १० बजे र ५ बजेको बीचमा संसदको काममा आवश्यकता अनुसार सहयोग गर्ने अपेक्षा गरिन्छ। यद्यपि, औसतमा, प्रति हप्ता १६-२० घण्टाको प्रतिबद्धता हुनुपर्दछ ।

- **मलाई नेपालको कानुनी वा राजनीतिक प्रणालीबारे धेरै थाहा छैन। के त्यहाँ नियुक्ति अघि मलाई कुनै प्रशिक्षण प्रस्तावित हुनेछ?**

यस फेलोसिपको सुरुका ३ महीनामा प्रक्षिक्षणहरु हुने गर्दछन्, जहाँ वाईपीजी फेलोहरुलाई नेपालको संविधान, अर्थशास्त्र, संसदीय कार्यविधि, सूचनाका स्रोतहरु र आवश्यक राजनीतिक तथा आर्थिक क्षेत्रभित्र रहेका अनुसन्धान उपकरणहरू समेट्ने आधारभूत तत्वहरूबारे तालिम दिईनेछ ।

कार्यक्रमले यी क्षेत्रहरूमा फेलोहरूलाई महत्त्वपूर्ण ज्ञान हासिल गर्न/गराउन सुनिश्चित गर्दै संगठित पाठ्यक्रम र कार्य योजना प्रस्तुत गर्नेछ । यसबाहेक, वाईपीजी फेलोहरूले फेलोशिपको रूपमा पोखरा रिसर्च सेन्टरद्वारा आयोजित विविध सार्वजनिक नीति कार्यशालाहरू, सेमिनारहरू मार्फत नेपालका विभिन्न नीतिहरुका बारेमा समेत जान्ने मौका पाउनेछन् ।

- **मैले फेलोसिप पश्चात के-कस्ता अवसरहरु प्राप्त गर्नेछु ?**

वाईपीजी फेलोहरु सांसदहरुसंग, राजनैतिक दलहरु वा अन्य सस्थाहरुसंग प्रतक्ष वा अप्रतक्ष रुपमा आवद्ध भएर कार्य गर्न सक्नेछन् । फेलोसिपबाट प्राप्त गरेको अनुभव पश्चात उनीहरु बहुपंक्षिय सस्थाहरु जस्तै बैंक र वित्तिय सस्थाहरु, सार्वजनिक नीति थिंक ट्यांक वा कर्पोरेट क्षेत्र, निजामती सेवा र सरकारका मन्त्रालयहरु तथा अन्तराष्ट्रिय गैर सरकारी सस्थाहरुसंग आवद्ध रहेर काम गर्न सक्नेछन् ।

# <u>वाईपीजी फेलोसिपको छनौट प्रक्रिया</u>

- **युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिपको छनौट प्रक्रिया के-कस्तो हुन्छ ?**

युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिपको छनौट प्रक्रिया अनुरुप छनौट कमिटिद्वारा सर्वप्रथम आवेदनहरु छनौट गरिन्छ I निवेदकले दिएको आवेदनलाई कमिटीले विस्तृत रुपमा केलाएर हेर्नेछ र योग्यता/मापदण्ड पुरा भएको आवेदकहरुलाई प्रथम चरणमा छनौट गरी आयोजकद्वारा दोश्रो चरणको अन्तर्वार्ता लिईनेछ। आवेदकहरूले इमेल मार्फत आफ्नो आवेदन स्थितिको सूचना प्राप्त गर्नेछन्। यदि पुष्टित इमेलहरू एक महिना भन्दा बढी ढिलाइ भएमा, आवेदन असफल भएको मानिनेछ।

- **फेलोसिपका लागि आवेदन दिने मिति कहिले हो ?**

युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिप २०२३/२४ का लागि आवेदन सामान्यतया नोभेम्बर र डिसेम्बर बिचको ३ हप्ताको लागि खोलिन्छ I यसका बारेमा अन्य जानकारी पोखरा रिसर्च सेन्टरको सामाजिक संजाल र वेबसाइट pokharacentre.org बाट लिन सकिन्छ I

- **युथ इन पोलिसी एंड गभर्नेन्स फेलोसिपका लागि छनोट प्रक्रियाको योग्यता मापदण्ड के हो?**

हामी सबै शैक्षिक विधाबाट आएका आवेदनलाई स्वागत गर्दछौ। आवेदक न्यूनतम पनि २० वर्ष पुरा गरी ३० वर्ष ननाघेको नेपाली नागरिक, न्यूनतम पनि स्नातक तहमा अध्ययन गरिरहेको र सम्बन्धित प्रदेशमा कम्तिमा १ वर्ष अघिदेखि बसोबास गरिरहेको हुनुपर्नेछ।

हामी विशेष गरेर सार्वजनिक नीति निर्माण तथा सुशासन प्रति रुचि राख्ने, रचनात्मक र प्रतिबद्ध अबेदकहरुको खोजीमा छौ। त्यसकारण माथि दिईएको न्यूनतम योग्यता मापदण्ड आधारभूत दिशानिर्देश मात्र हो।

- **के युथ इन पोलिसी एंड गभर्नेन्सको फेलो हुनका लागि पुर्व कार्य अनुभव आवश्यक छ ?**

व़ाईपीजी फेलोसिपका लागि पुर्व कार्य अनुभव आवश्यक छैन। यद्दपी, कुनै पनि सस्थागत तथा व्यवसायिक अनुभवले फेलोहरुलाई सांसदहरुसंग प्रभावकारी रुपमा कार्यहरु गर्नका लागि सहयोग पुर्याउछ।

## वाईपीजी फेलोहरुका भूमिका र जिम्मेवारीहरु

- **मैले युथ इन पोलिसी एंड गभर्नेन्स फेलोको रुपमा के-कस्ता प्रकृतिका कार्यहरु गर्नुपर्ने हुन्छ ?**

सामान्यतया वाईपीजी फेलोको मुख्य भूमिका भनेको सांसदहरुसंग नजिक रहेर ज्ञान सहयोगीका रुपमा कार्य गर्नु हो यस अन्तर्गत फेलोहरुले सांसदहरुलाई शुन्य र बिशेष समयमा सोध्ने प्रश्नहरुको तयारी, मन्त्रलाएको कार्यसम्पादन मूल्याङ्कन, सार्वजनिक सरोकारका बिषयहरुको उठान, विभिन्न बिधायिका र नीतिगत छलफलहरुमा भाग लिन आवश्यक अनुसन्धान जस्ता कार्यहरुमा सहयोग गर्नुपर्ने हुन्छ।

- **संसद बन्द भएका बेला फेलोहरुलाई के काममा आवद्ध गराईन्छ ?**

फेलोहरुले संसद बन्द भएका बेला सांसदहरुलाई विभिन्न संसदीय समिति बैठकका लागि आवश्यक सामग्रीहरु तयार गर्न सहयोग गर्नेछन भने, अर्को संसद सत्रका लागि तयारी सहयोग गर्नेछन।

यसको अलावा, आयोजकले विभिन्न विधाका विज्ञहरु र नीति निर्माताहरुसंग विभिन्न विषयमा अन्तरक्रियाहरु राख्नेछन। सेमिनार/प्रशिक्षण/कार्यशालाहरू आयोजना गरिनेछ र फेलोहरूलाई एक्सपोजरको लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय प्लेटफर्ममा सिफारिस गरिनेछ।

## प्रदेश सांसदसंग काम गर्ने

- **मैले कुन प्रदेश सभा सदस्यसंग काम गर्ने अवसर पाउछु ?**

यस फेलोसिपमा आवद्व हुने सांसद भनेका, ति सांसदहरु मात्रै हुन् जो तोकिएको प्रदेशभित्रका विभिन्न प्रमुख दलहरूको प्रतिनिधित्व गर्दै संसदीय अधिवेशनहरूमा सक्रिय रूपमा सहभागी हुन्छन फेलोहरुलाई भने सांसदहरुसंग आवद्व गराउदा कुनै पनि फेलोको राजनैतिक ज्ञान, शैक्षिक पृष्टभूमि व़ा विचारधारालाई मध्य नजर गरिने छैन।

## फेलोसिप लजिस्टिक

- **के मलाई फेलोसिपको द्वौरान केहि रकम उपलब्ध हुन्छ ?**

वाईपीजी फेलोले अन्तिम चरणमा छनोट भईसकेपछि प्रदेश सभा सदस्यसंग काम गर्दा संचार र यातायात खर्चका रुपमा मासिक केहि रकम पाउनेछन्। प्रशिक्षण अवधिमा कुनै भत्ताहरू प्रदान गरिनेछैन; यद्यपि, पोखरा रिसर्च सेन्टरले सबै प्रशिक्षण सामग्री र आवास खर्चहरू समेट्नेछ।

- **के मैले कामका लागि कुनै यात्रा गर्नुपर्ने हुन्छ ?**

यस फेलोसिप अन्तर्गतका फेलोहरुको मुख्य कार्यहरु मध्य सांसदहरुलाई उहाहरुको संसद भित्रको कामका बारेमा सहयोग गर्नु हो त्यसैले यो काम गर्दा फेलोले थोरै मात्र यात्रा गर्नुपर्ने वा यात्रा नै गर्नु नपर्ने अवस्था पनि हुन सक्छ।यद्यपि सांसद उपत्यका बाहिर भएको अवस्थामा, फेलोहरूसँग तोकिएको कामको लागि अनलाइन सहकार्य गर्ने विकल्प हुनेछ।